ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# साल्पासिलिछो गाउँपालिकामा मातृभाषाको अवस्था र सम्भावना

**ईश्वर चौहान**
**उपप्राध्यापक**
**महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
cishwar2040@gmail.com

*अध्ययनसार*

*प्रस्तुत आलेखमा मातृभाषाको प्रयोगावस्थाका बारेमा खोज विश्लेषण गरी तिनको संरक्षण तथा संवर्द्धन गर्दै संस्कृति र सामाजिक मान्यताको पनि प्रवर्द्धन गर्ने अभीष्ट लिएको छ । अध्ययनको प्रमुख उद्देश्य साल्पासिलिछो गाउँपालिकामा प्रयोगमा रहेका भाषाको अवस्था र प्रयोग संभावना निरूपण गर्नु हो । यस लेखमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भाषिक तथ्याङ्क मुख्य सामग्री बनेका छन् । त्यस्तै जनगणना २०७८ र भाषा आयोग एवम् सम्बद्ध विभिन्न स्रोत सामग्रीबाट समेत सूचना सङ्कलन गरिएको छ । मातृभाषाको अवस्था अध्ययनका लागि जातिको उपस्थिति, जातिगत संस्कृतिको पहिचान र मतृभाषाको अवस्था अध्ययन सार प्रस्तुत गरिएको छ । समग्रमा साल्पासिलिछो गाउँपालिकामा नेपाली, राई समुदयका भाषा, नेवारी, तामाङ आदि मातृभाषाहरू प्रयोगमा रहेका छन् । उस अध्ययनमा जाति, भाषा र संस्कृतिको विविधता रहेको यस पालिकामा विविधता भित्र एकता र एकताबाट समृद्धिको सम्भावना खोजी गर्न सकिने आधार समेटी निष्कर्ष प्रस्तुत गरिएको छ ।*

***मुख्य शब्दावली*** *: मातृभाषा, द्विभाषिक, बहुभाषिक, भाषिक समुदाय, जाति, कास्ट, रेस आदि ।*

## विषयपरिचय

अनुसन्धान नवीन ज्ञान आर्जनको क्रमबद्ध, व्यवस्थित, वस्तुनिष्ठ पद्धतिले गरिने वैज्ञानिक कार्य हो । यस प्रक्रियामा कुनै वस्तु, घटना, कार्य, विचार, समस्यालाई लिएर तीसँग जोडिएका तथ्यहरूको सङ्कलन, संयोजन तथा जडान सम्यक् रूपमा गरी निष्कर्ष प्रदान गरिन्छ । मानवीय बुद्धि र विवेकले कुनै पनि विषयवस्तुका बारेमा ज्ञान प्राप्ति प्रक्रियालाई निरन्तरता दिइरहेको हुन्छ । यसप्रकारको कार्यमा अग्रसर रहन मातृभाषालाई केन्द्रमा राखेर साल्पासिलिछो गाउँपालिकाले अनुसन्धेय क्षेत्र तथा वस्तुको अध्ययन गरी सम्बद्ध पक्षको संवर्धन र प्रवर्धनमा अग्रसरता देखाउनु पर्दछ । भोजपुर जिल्ला जातीय, भाषिक, सांस्कृतिक, आर्थिक एवं भौगोलिक दृष्टिले विविधतापूर्ण रहेको छ । त्यसको समग्र प्रतिनिधित्व साल्पासिलिछोले गर्दछ । यही विविधता भित्रको सम्भावनाहरू खोजी गर्न अनुसन्धान आवश्यक छ । यसका लागि क्षेत्र भ्रमण अपरिहार्य रहने गर्दछ । वास्तवमा अनुसन्धानको समस्या केन्द्रित भई सम्बन्धित क्षेत्रमा वा भूगोलमा गई आवश्यक तथ्याङ्क सङ्कलन गर्ने प्रक्रिया यसप्रकारको अध्ययनमा अपरिहार्य हुन्छ । यद्यपि यो लेखले मातृभाषाको पालिकागत अवस्था र सम्भावनाका आधारहरूको निर्देश गर्दछ । कुनै पनि अध्ययनका सिलसिलामा सङ्ग्रहालय वा अभिलेखालयमा राख्न कुनै ग्रन्थ वा लेख तयार गर्न र उपाधिको आर्जन गर्न यस प्रकृतिको अध्ययन आवश्यक छ । गौँडेनीदेखि साल्पासिलिछो सम्मका विविध जाति, संस्कृति र भाषिक समुदायको मातृभाषागत अवस्था कुन क्षेत्रमा केकस्ता अनुसन्धेय सम्भावनाहरू रहेका छन्, ती सम्भावनासम्बद्ध सामग्रीका स्रोतहरू केकस्ता हुनसक्दछन् भनी किटान गर्न वा आधार प्रस्ताव गर्न यो अध्ययन अग्रसर रहेको छ ।

साल्पासिलिछो गाउँपालिकासम्बद्ध सैद्धान्तिक सन्दर्भमा भाषाकेन्द्री विभिन्न अध्ययन अनुसन्धानहरू भएका छन् । विगतदेखि हालसम्म भएका विभिन्न स्तरका अध्ययनहरूले भाषाहरूका बारेमा विभिन्न तथ्य सार्वजनिक गर्नका साथै ती भाषाको संरक्षण र संवर्द्धनमा समेत योगदान पुऱ्याएका छन् । पूर्वकार्यको समग्रताका आधारमा विविध जातजाति, सांस्कृतिक र भाषिक विविधता समेत यस पालिकाको विशेषता हो । वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालमा १४२ जाति र १२४ ओटा मातृभाषा बोलिन्छन् । यसबाहेक पनि नखुलेका भाषा र अन्य भाषाअन्तर्गत केही वक्ताहरूलाई समावेश गरेको छ । यस तथ्याङ्का आधारमा पालिकागत मतृभाषाको प्रयोग अवस्थामा नेपाली, राई, तामाङ, नेवारी, मगर, शेर्पा, बान्तावा, चाम्लिङ, कुलुङ, थुलुङ, खालिङ, बाम्बुले, याख्खा, मेवाहाङ लगायतका भाषाहरू रहेका छन् ।

साल्पासिलिछोमा अस्तित्वमा रहेका यी मातृभाषाहरूका माध्यमबाट पठनपाठन, सरकारी कामकाज, विचार सम्प्रेषणको सम्भावना, जातिभाषिक अवस्थाको खोजी र कार्यान्वयनमा पालिकाको अग्रसरता रहनु आवश्यक छ।

त्यसैगरी यस पालिकामा प्रचलित मातृभाषाहरूको बोधगम्यताको अवस्था कस्तो छ ? भाषाको अस्तित्व रक्षाका लागि गहन भाषावैज्ञानिक अध्ययन आवश्यक हुन्छ। भाषा तथा भाषिक भेदका विविधता तथा तिनको प्रयोगावस्थाका बारेमा तथ्यपरक खोज विश्लेषण गरिएमा भाषाको संरक्षण तथा संवर्द्धन मात्र होइन संस्कृति र सामाजिक मान्यताको पनि प्रवर्धन हुने भएकाले तद्नुकूलका अध्ययन विश्लेषण आवश्यकीय हुन्छन्। एउटै राई समुदायमा पनि बहुभाषिक पृष्ठभूमि रहनु यसैको उदाहरण हो। शिक्षा, सञ्चार, स्वास्थ्य एवम् जीवनशैलीमा पनि भाषिक पक्षको उपयोगिता तथा प्रभाव हुने भएकाले साल्पासिलिछोको भौगोलिक क्षेत्रमा भाषाको प्रयोगावस्था निर्क्योल गर्नु सान्दर्भिक देखिएकाले प्रस्तुत आलेख तयार पारिएको हो। यस अध्ययनले जातिगत उपस्थित, जातीय सांस्कृतिक व्यवहार आदिका मार्फत मातृभाषाको पहिचान र प्रयोगका सम्भावनाहरू अगाडि सारेको छ।

प्रस्तुत लेख साल्पासिलिछो गाउँपालिकमा प्रचलित मातृभाषको अवस्था विश्लेषणमा केन्द्रित छ। मातृभाषा निर्दिष्ट विषयभन्दा अतिरिक्त विषयको विश्लेषण नगर्नु अध्ययनको परिसीमा हो । यस अध्ययनमा उठाइएका शोधसमस्याहरू नवीन विषयमा आधारित रहेकाले थप अध्ययन अनुसन्धान गर्न चाहने अध्येताका लागि आधार तय गर्ने भएकाले पनि यसको औचित्य पुष्टि हुन्छ। त्यसैगरी पालिकाको बहुभाषिक पृष्ठभूमिमा मातृभाषाको संरक्षण र प्रयोग अवस्था विस्तारमा पनि यो अध्ययनले सहयोग पुग्ने छ।

प्रस्तुत अध्ययनमा मातृभाषाको सैद्धान्तिक र अवधारणात्मक स्वरूपमा विश्लेषण छ । अध्ययनका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ तथा तथ्यको प्रमाणीकरणका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। अध्ययनमा चरहरूको स्थापना गरी तथ्याङ्कशास्त्रीय विश्लेषण गरिएको छैन। यो गुणात्मक प्रकृतिको अनुसन्धान भएको हुनाले अध्ययनका लागि आगमनात्मक पद्धतिको उपयोग गरिएको छ। मातृभाषा सम्बद्ध साक्ष्य वा तथ्यहरू प्रस्तुत गरी विश्लेषणमार्फत मातृभाषाको अवस्था निरूपण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

प्रस्तुत अध्ययनमा साल्पासिलिछो गाउँपालिकाभित्र प्रचलित मातृभाषहरूको अवस्था पहिचान र विश्लेषण गरिएको छ। विशेषगरी जातिको उपस्थिति, जातिगत संस्कृतिको अवस्था र मातृभाषाको सम्भावना अध्ययन गरिएको छ। जाति, संस्कृतिको सापेक्षतामा यस पालिकाको मातृभाषाको अवस्थाको पहिचान गरिएको छ। जातिको उपस्थितिमा मातृभाषाको स्वरूप र संस्कृतिका व्यवहारमा मातृभाषाको भूमिका अध्ययन गरी निष्कर्ष प्रदान गरिएको छ।

**जातिको स्वरूप र संरचनामा मातृभाषा**

समाजशास्त्री टेन सहज र वंशानुगत गुणका रूपमा जातिलाई हेर्नुपर्ने धारणा अगाडि सार्दछन्। उनी यस्ता गुणहरू आनुवांशिक रूपमा लिएर आउने तथ्य प्रस्तुत गर्दछन्। यसरी हेर्दा जाति समाजशास्त्रीय अध्ययनको सापेक्ष तत्त्व हो। समान सांस्कृतिक विशेषताले पनि जातिको निर्माण गर्छ। फरक जलवायु, भूगोल र खानपान जस्ता तत्त्वले समान र भिन्न वंशानुगत विशेषता निर्माण गर्दछ। यसर्थ जातिको निर्माणमा क्षण र परिवेशको पनि प्रभाव रहने देखिन्छ। कन्साइस अङ्ग्रेजी नेपाली डिक्सनरीमा ९चबअभ० रेस शब्दलाई (कपाल, आँखा, छालाको रङ्ग, शरीरको आकृति, रगतको प्रकार, वंशानुगत लक्षण आदि आधारमा गरिने) मानव जातिको विभाजन, वंश, जाति विभाजन, जातिभेद भनी परिभाषित गरिएको छ। टेन प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचना आदिका रूपमा गर्दछन्। उनी भन्छन् "मैले अनेक मानव जातिको विश्वमा फरकपन देखिनुमा आवास स्थानमा भिन्नता हुनु नै हो" कुनै जातिले खानपान वा कुनै महान् घटनाको कारणले फरक विशेषता आर्जन गर्न सक्छन् (जैन, १९८६ पृ.२३-२४)। टेनले प्रयोग गरेको रेस (Race) शब्दको अनुशीलन गर्ने क्रममा विविधता देखिन्छ। विशेषगरी हिन्दी उच्चारण र लेख्य व्यवस्थामा 'प्रजाति' शब्द प्रयोग गरिएको छ। रेसको नेपालीकरण गर्दा जाति/प्रजाति शब्द प्रयोग गरिएको छ। नेपाली समालोचकहरूका अनुसार आनुवांशिक गुणका आधारमा देखिने फरकपनलाई नेपालीमा जाति भनिनु बढी सान्दर्भिक हुने तर्क छ। जुन टेनले प्रयोग गरेको 'रेस' शब्दको समानार्थी शब्द हो। कास्ट (Cast) शब्दलाई रेस (Race) शब्दको वैकल्पिक रूपमा प्रयोग गर्नु हुँदैन। यसर्थ वंशानुगत एवं पर्यावरणीय प्रभावले समान र भिन्न स्वरूपका जातिको निर्माण गर्छ। यही जातिको संरचना र स्वरूपअन्तर्गत जातिभाषाको विकास भएको हुन्छ। यसैलाई हामी मातृभाषाको रूपमा परिभाषित गर्दछौँ।

सालपासिलिछो गाउँपालिकाको जातिगत संरचनामा विविधता रहेको कुरा तथ्यहरूबाट प्रमाणित हुन्छ। किराँत जाति र यसभित्रका अनेकन जातहरूको बहुल्यता रहेको यो पालिकामा खसआर्य, मगर, शेर्पा, तामाङ, नेवार, घले आदि जातिको उपस्थिति रहेको तथ्य जनगणना २०७८ को रिपोर्टबाट प्रमाणित हुन्छ। जातिगत उपस्थितिले मातृभाषाको अवस्थामा विविधता रहेको छ। सामान्यतया जातिगत पृष्ठभूमिबाट मातृभाषाको प्रयोगको आँकलन गर्न सकिन्छ। तर कतिपय अवस्थामा जातिगत आनुवांशिक स्वरूपमा संस्कारगत रूपमा आफ्नो भाषा प्रयोग गर्दै आउने अवस्था नरहेको हुनाले मातृभाषा सङ्कटमा पर्दैगएको देखिन्छ। खासगरी यसोहुनुमा एक पुस्ताबाट अर्को पुस्तामा अपौरुषिय रूपमा अवलम्बन गरिनुपर्ने मातृभाषाको प्रयोग अवस्थामा मिश्रित जातिगत बसोबास नै हो भन्न सकिन्छ। प्रभावशाली भाषाको प्रभाव र ज्ञानविज्ञानका स्रोतभाषाको हस्तक्षेपले हाम्रो जातिगत मौलिकता लोप हुने अवस्था रहेको देखिन्छ। जातीय सद्भावकायम गरी विविधता बिचबाट सम्भावनाको प्रयास गर्न जाति र भाषाको अध्ययन अुसन्धान मार्फत् संरक्षण र प्रवर्द्धनमा लाग्नु पर्दछ। यो यही प्रक्रियाको थालनी हो। प्रारम्भ हो। गाउँपालिकामा मातृभाषाको अवस्था र सम्भावनाको निरूपण गर्ने सकारात्मक कदमको उदाहरण पनि हो।

**साल्पासिलिछो क्षेत्रमा जातिगत उपस्थिति**

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेश भोजपुर जिल्लामा १२,२८४ कुल जनसङ्ख्या रहको छ। ती मध्ये क्षेत्री, ब्राहमण, राई, तामाङ, मगर, नेवार, विश्वकर्मा, घले, शेर्पा आदि जातिहरूको बसोबास रहेको छ। यो जातिगत पृष्ठभूमिबाट उनीहरूको सांस्कृतिक आचरण र मातृभाषा प्रयोगको अवस्था निरूपाण गर्न सकिन्छ।

प्रस्तुत तथ्यका आधारमा जातिभाषिक अध्ययन गरी मातृभाषाको अवस्था र सम्भावना निर्क्यौल गर्न सकिन्छ। यहाँ जातिभाषिक अध्ययन भन्नाले कुनै जाति वा समुदायको संस्कृति र भाषिक व्यवहारको अध्ययन भन्ने बुझिन्छ। यस पालिकामा रहेका विभिन्न जातिहरूको मातृभाषाको अवस्थामा पनि एकरूपता देखिँदैन। जातीय पृष्ठभूमिअनुसार नै मातृभाषा भएका, मातृभाषाको बोधगम्यता भएका, मातृभाषिक पृष्ठभूमि द्विभाषिक भएका, नेपाली भाषालाई नै पहिलो भाषाको रूपमा अवलम्बन अवस्थामा नेपाली विमातृभाषी वक्ताहरूको उपस्थिति रहेको तथ्यबाट प्रष्ट हुन्छ। यस जातिगत पृष्ठभूमिका आधारमा पालिका भित्र सम्भावना भएका मातृभाषाहरूको संरक्षण र प्रवर्धनमा अग्रसरता रहनुपर्ने आवश्यकता रहेको छ। अनौपचारिक शिक्षाका मार्फत, विद्यालयको पाठ्यक्रममा स्थानीय भाषाको पाठ्यक्रम निर्माण र लागू गरेर वा जातिगत सामाजिक संस्कृतिक व्यवहारका क्षेत्रहरूमा मतृभाषाको प्रयोग प्रचलनमा उत्प्रेरित गरेर मातृभाषाको प्रवर्धन गर्न सकिन्छ। यसर्थ जातिको उपस्थितिले मतृभाषामा पार्ने प्रभाव हेर्नु आवश्यक छ। यो समग्रताको नेतृत्व स्थानीय सरकारको नै हो। यसले विनियोजन गर्ने बजेट मार्फत मातृभाषाको अध्ययन अनुसान्धानमा अग्रसरता देखाई आम जनसमुदायलाई मातृभाषाको औचित्य सावित पनि गर्नु जरुरी छ।

**संस्कृतिको स्वरूप र सम्भावनामा मतृभाषा**

संस्कृति बहुअर्थी शब्द हो। पराम्परागत रूपमा यसले संस्कारजन्य परिस्कृत रूपलाई बोध गराउँछ। रीतिरिवाज, परम्परा, सांस्कृतिक कार्यक्रम आदि पनि हो। सांस्कृतिक अध्ययनका सम्बन्धमा भने संस्कृतिले मानवीय आचरण र व्यवहारको समष्टि रूपलाई बुझाउँछ। मान्छेले सामाजिक सदस्यका हैसियतले गर्ने विशिष्ट व्यवहारहरू संस्कृतिभित्र समेटिन्छन्। यो कालखण्ड विशेष र समाज विशेषको अनुभूति हो। कुनै पनि समाजमा फरकफरक पिँढीले फरकफरक अनुभूति गरेका हुन्छन्। प्रत्येक कालखण्डको अनुभूति फरक हुने भएकाले कालखण्डअनुसार संस्कृतिमा पनि परिवर्तन आउँछ। मानव जीवन र समाजमा कुनै कालखण्ड विशेषमा विकसित मूर्त तथा अमूर्त कुराहरूको समष्टि नै संस्कृति हो। यो समाजका सदस्यका रूपमा मान्छेले आत्मसात् गरेको ज्ञान, विश्वास, नैतिकता, कानुन, तथा उसका क्षमताहरू र आचरणहरूको संश्लिष्ट रूप हो। साल्पासिलिछो गापामा प्रचलित बहुजातीय पृष्ठभूमि र सापेक्ष मौलिक संस्कृतिहरू रहेका छन्। संस्कृतिको एउटा पक्ष भाषा पनि हो। भाषाले आदिवासी जनजातिहरूको संस्कृतिलाई संरक्षण मात्रै होइन सञ्चरण पनि गर्दछ। यसर्थ यस पालिकामा भएका जातजातिको परम्परागत मौलिक संस्कृति वा उदीयमान संस्कृतिको पहिचान र संरक्षण गर्नु जरुरी छ। यसले स्वतः मतृभाषाको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्दछ।

समाजमा विभिन्न समूह उपसमूहहरू हुन्छन् । सामाजिक सम्बन्धबाट तिनीहरूले निश्चित आचरण सिकेका हुन्छन् । संस्कृतिको सम्बन्ध मानव जीवनसँग गाँसिएको हुन्छ । यसलाई सभ्यीकरणको प्रक्रियाका रूपमा लिने गरिन्छ । यसले राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रका आचरण, व्यवहार र कार्यलाई बुझाउँछ । यो चेतनाको उपज र मानव निर्मित जीवन शैलीको प्रकटीकरण हो । यो संस्कृति हो । भए। त्जयकउकयल को विचारमा संस्कृति त्यो संश्लिष्ट रूप हो; जसभित्र समाजका मान्छेहरूले आत्मसात् गर्ने ज्ञान, विश्वास, आचरण र अन्य क्षमता पर्दछन् । यसर्थ स्थान, काल र परिवेशसापेक्ष संस्कृतिको विकास भएको पाइन्छ । यही नै समाजको पृथकीकृत कसी हो । यस कसीमा साल्पासिलिछोभित्र रहेका किरात संस्कृति, खसआर्य संस्कृति वा अन्य जाति सापेक्ष संसकृतिको आधारमा पालिकाको संवृद्धि र भावनात्मक एकता र सहभागिताको सुनिश्चितता आवश्यक देखिन्छ ।

साल्पासिलिछो भौगोलिक एवम् प्राकृतिक रूपमा जति विविधतामय छ, त्यसैगरी सांस्कृतिक विविधताको केन्द्र पनि हो । भाषा, धर्म, जात, जीवनशैली, वर्ग, लैङ्गिकता, सङ्गीत, कला, साहित्य, उपसंस्कृति, उपभोक्ता संस्कृति आदि संस्कृतिसँग गाँसिएका पक्षहरू पनि छन् । यही विविधता बीचको एकता सामाजिक रूपान्तरणको आधारशीला बन्न सक्नुपर्दछ । यही एकताले भातृत्व र राष्ट्रिय संवृद्धिलाई टेवा पुऱ्याउनु पर्दछ । एउटा वर्ग वा पक्षले अर्को पक्षका सम्भावनाहरूलाई निमेट पार्नु मानवीय स्वभावका अभिलक्षण होइनन् । समाज रूपान्तरणको कारक राजनीति हो । राजनीतिले नै आधार र अधिरचनाहरूको सही लक्ष्यगमन गराउँदछ । संस्कृति समाजसापेक्ष कुरा हो । समाजको स्वरूपअनुसार सांस्कृतिक स्वरूप पनि फरक पर्दछ । नेपाल र नेपाली संस्कृतिको विविधतामय स्वरूप विश्वका अन्य मुलुकमा कमै मात्रामा पाइन्छ । यी संस्कृतिक विविधताहरूले नेपाल विश्वको अनुसन्धानको केन्द्र बन्न सक्दछ । आर्थिक संवृद्धिको बाटो अवलम्बन गर्न सक्दछ । जनतालाई सांस्कृतिक विविधताका आधारमा फुटाएर होइन जुटाएर विकासको सम्भावना छ । सांस्कृतिक विविधता बीचको एकता नै समग्र जनसरोकारको विषय हो, यसर्थ पालिकाको विकासका लागि संस्कृति र सांस्कृतिक पक्षहरूको पहिचान गरी संरक्षण गर्नु आवश्यक छ । यही संस्कृतिक स्वरूपभित्र मातृभाषिक प्रयोग अवस्थाको खोजी गर्नु पनि त्यतिकै आवश्यक रहेको छ ।

**साल्पासिलिछो क्षेत्र भित्रका प्रचलित संस्कृतिहरू**

- प्रकृतिपूजा
- साकेला/उँधौली उँभौली पर्व
- सगुन संस्कृति
- लाखे, गुफा तथा बेल विवाह संस्कृति
- बोन संस्कृति (शेर्पा/तामाङ....)
- दशैं, तिहार संस्कृति
- जातिगत शरीर संस्कृति
- खाद्य संस्कृति
- जन्म संस्कृति
- विवाह संस्कृति
- मृत्यु संस्कृति
- रैथाने प्रविधि र संस्कृति
- धार्मिक एवम् प्राकृतिक सम्पदा र संस्कृति आदि

प्रस्तुत संस्कृतिसापेक्ष क्षेत्रमा मातृभाषाको प्रयोग अवस्था पहिचान गरी सालपासिलिछो गापाभित्र मातृभाषाको सम्भावना निक्र्यौल गर्न सकिन्छ । समुदायमा मातृभाषी वक्ताहरूको उपस्थिति, संस्कार र संस्कृतिमा मातृभाषाको प्रयोग, विद्यालयमा मातृभाषी वक्ताहरूको उपस्थिति आदि पक्षबाट मातृभाषाको खोजी र संरक्षणमाका आधार तय गर्न

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

सकिन्छ। पालिकाभित्रका विद्यालयहरूमा मातृभाषा प्रयोगको संभावना खोजी गरी स्थानीय भाषा पाठ्यक्रम निर्माण र प्रयोग गर्न गराउन सकिन्छ। साप्ताहिक रूपमा जातिगत संस्कृति झल्कने पहिरन, खानपान परिचय, जीवनशैलीको स्वरूप, सामाजिक संस्कृतिक सम्भावनाका मार्फत मातृभाषाको प्रभाव बालमनोविज्ञानमा पर्न सम्भव छ।

**भाषा/मातृभाषाको अवस्था र संभावना**

मातृभाषाको सन्दर्भलाई अध्ययन गर्दा खासगरी मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक वाक् प्रतीकहरूको सर्वमान्य व्यवस्था अर्थात मानव मनका अनुभूतिलाई सार्वजनिकीकरण गर्ने मूर्त रूप भाषा भनिन्छ (चौहान, २०७५, पृ. २)। यसर्थ भाषा एक वा मातृभाषा आमा आफ्नो बालकसँग जुन भाषामा कुरा गर्छिन र बालक अनुकरणद्वारा आफ्नी आमासँग जुन भाषा सिक्छ त्यासैलाई नै मातृभाषा भनिन्छ। यसर्थ बालकले परिवार र समाजमा स्वभाविक अनुकरणद्वारा जुन भाषा सिक्छ र प्रयोग गर्छ त्यासलाई नै मातृभाषा भनिन्छ। यसप्रकारको मातृभाषाको अवस्था पहिचान गर्न भाषिक समुदाय (सामाजिक, भौगोलिक, जातीय आदि दृष्टिकोणबाट भिन्न भए तापनि एउटै भाषा बोल्ने समुदाय) को उपस्थिति कस्तो छ भनी निर्क्यौल गर्नुपर्ने हुन्छ। व्यक्तिबोली, भाषिका, भाषा र भाषाहरूको अध्ययन विशेष र दीर्घकालीन विषय पनि हो। यसका लागि भाषाद्वैत (एउटै भाषाका भिन्न भेद भिन्न प्रयोजनमा प्रयोग हुनु) र द्विभाषिकता (आपसी सम्प्रेषणका लागि व्यक्तिले कुनै दुई ओटा भाषा अवलम्बन गर्नु) को अवस्थाबाट मातृभाषाको उपस्थिति पहिचान गर्नु आवश्यक हुन्छ। साथै भाषिक अवलम्बन, स्वीकरण र अपक्षयको अवस्था निर्क्यौल गर्नु पनि मातृभाषाको अध्ययनको महत्त्वपूर्ण पक्ष हो। मातृभाषाको अवस्था र सम्भावना पहिचानका दृष्टिले भाषासम्बद्ध प्रस्तुत अवधारणालाई आधार बनाउनु आवश्यक छ।

**साल्पासिलिछो क्षेत्रमा मातृभाषागत उपस्थिति**

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार कोशी प्रदेशमा जम्मा १०७ भाषाहरूको सङ्ख्या उल्लेख गरिएको छ। यी मध्ये नेपाली भाषाका अतिरिक्त याक्थुङ/लिम्बू, तामाङ, बान्तावा, शेर्पा, घले, चाम्लिङ, दुमी, कुलुङ, खालिङ, बाम्बुले, याख्खा, याम्फू आदि मातृभाषाहरू अस्तित्वमा रहेका छन्। राई भाषा पनि उल्लेख छ। खासगरी राई जातिलाई भाषिक समुदाय मानिएको छ। यसमा एक जातिअन्तर्गत धेरै भाषाहरू हुने तथ्य सार्वजनिक गरिएको छ। १५ भन्दा बढी राई जातिका भाषाहरू अस्तित्वमा रहेका जनगणनाले पुष्टि गर्दछ। जनगणनाअनुसार बान्तावा, राई, चाम्लिङ, कुलुङ भाषा बहुसङ्ख्यक वक्ताले बोलने भाषाका रूपमा प्रविष्ट भएका छन्। जिल्लागत विवरणलाई हेर्ने हो भने भोजपुर जिल्लामा क्रमशः नेपाली, बान्तावा, तामाङ भाषाका वक्ताको प्रमुख उपस्थिति रहेको पाइन्छ। यही तथ्यका आधारमा साल्पासिलिछो गाउँपालिका भित्र मातृभाषाको अवस्थाको स्थलगत र तथ्यपरक अध्ययन गरी अवस्था पहिचान गर्नु र मातृभाषाको सम्भावनाको किटान गरी अगाडि बढ्नुपर्ने थप आवश्यकता रहेको छ। स्थानीय सरकार र जनप्रतिनिधिले यस कार्यको नेतृत्व गर्नुपर्नेछ र यस पालिकाका मातृभाषाको संरक्षण प्रवर्धन र प्रयोग सामर्थ्य विकास आवश्यक छ।

**नेपालको भाषा नीति तथा योजनासम्बन्धी संवैधानिक व्यवस्था र मातृभाषा**

मातृभाषाको अध्ययन गर्ने सन्दर्भमा नेपालको भाषा नीति तथा योजनामा भएका व्यवस्था खोजी गर्नु पनि आवश्यक मानिन्छ। यहाँ अध्ययन सहजताका लागि भाषा तथा मातृभाषासम्बद्ध व्यवस्थालाई बुँदागत रूपमा सार प्रस्तुत गरिएको छ :

- नेपालको संवैधानिक कानुन २००४ भाषासम्बन्धी मौन रहेको छ।
- नेपाल अधिराज्यको संविधान २०१५ को धारा ७० मा नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता दिएको छ।
- नेपालको संविधान २०१९ नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा भनिएको छ।
- २०४६ सालको अन्दोलनले एकभाषी नीतिको विरोध गरेको देखिन्छ।
- २०४६ को संविधानमा भाषा नीतिमा आमूल परिवर्तन गरेको कुरा निम्नानुसारका तथ्यबाट प्रष्ट हुन्छ :
    - राष्ट्रभाषा र राष्ट्रिय भाषाको व्यवस्था भएको छ।

- ➢ प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिनेगरी विद्यालय सञ्चालन गर्न पाउने व्यवस्था रहेको छ (धा.१८, उप.धा.२) ।
- ➢ विभिन्न धर्म, जातजाति, सम्प्रदाय र भाषाभाषीहरूका बिच स्वस्थ्य एवम् सुमधुर सामाजिक सम्बन्ध विकास गरी सबैको भाषा...विकासद्वारा देशको संस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकता सुदृढ गर्ने भनिएको छ (धा.२६, उप.धा.२) ।

- नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा मातृभाषासम्बन्धी व्यवस्था भएको व्यवस्थाहरू :
  - ➢ नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भनिएको छ।
  - ➢ प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था छ।
  - ➢ आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक रहेको छ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक रहेको छ। (भाग ३,धा. ३१, उप.धा. ५)
- नेपालमा बोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने छ (धा. ३२ उप.धा.३) ।

प्रस्तुत तथ्यका आधारमा नेपालको संविधान तथा कानुनी व्यवस्थाले मातृभाषाको प्रयोग संरक्षण र प्रवर्द्धनमा सम्बन्धित पक्षलाई स्पष्ट आधार तय गरेको छ। मातृभाषाको संरक्षण र प्रवर्धनमा प्रत्यक्ष सरोकार राख्ने र सोझो सम्बन्ध स्थानीय सरकारको रहने भएकाले पनि पालिका स्वयं जिम्मेवार हुनु जरुरी छ। सरोकारवाला पक्ष पनि आफ्नो अधिकारको प्रयोग गर्न कर्तव्य समेत बोध गरी अग्रसर हुनु आवश्यक देखिन्छ। भाषा जस्तो जटिल र संवेदनशील क्षेत्रमा भाषिक समुदाय, स्थानीय सरकार र प्राज्ञहरूको प्रयासबाट अवस्था र सम्भावनाको खोजी गर्नु आवश्यक देखिन्छ। यही संवैधानिक एवम् कानुनी मान्यतालाई आधार बनाई सल्पासिलिछोको मातृभाषाको संरक्षण र प्रवर्धनमा थप कार्यक्रमहरू अगाडि सार्नुपर्ने आवश्यकता रहेको छ।

**निष्कर्ष**

अनुसन्धानात्मक कार्य औचित्यपूर्ण हुनुपर्छ। कुनै पनि विषयमा गरिने खोज तथा अनुसन्धान राष्ट्र, समाज, संस्था र खास समुदायका लागि उपयोगी हुनु आवश्यक हुन्छ। यसका साथै यसको मौलिक एवं प्राज्ञिक महत्त्व पनि आवश्यक हुन्छ। साल्पासिलिछो क्षेत्रकै मातृभाषाको अवस्था र भाषिक सक्षमताका दृष्टिकोणले अध्ययन गरिएको छ। साथै यस क्षेत्रको जाति, भाषा र संस्कृतिको संवर्द्धन, प्रवर्द्धन र विकासमा आधार निश्चय गरिएको छ। भौगोलिक, आर्थिक एवं जनसाङ्ख्यिक स्थिति साथै स्थानीय सरकार र जनअपेक्षाअनुसार मातृभाषाको संरक्षण मात्र होइन, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा अनुसन्धान गरी प्राज्ञिक सहयोग गर्न समेत यस अध्ययनले आधार तय गरेको छ। विविध जातिको पहिचान र मातृभाषाको आवस्था पहिचान गर्न पनि मार्गनिर्देशन गरेको छ। जातीय व्यवस्थाअनुसार सामाजिक संस्कृतिक सम्बन्धहरूबाट मातृभाषाको आस्तित्व खोजीको विषय मार्गदर्शन गरिएको छ। नेपालमा विद्यमान १४२ जातिका १२४ मातृभाषा मध्ये साल्पासिलिछोमा रहेका मातृभाषाको अवस्था पहिचान र प्रयोगको सम्भावनाका खाका प्रस्तुत गरेको छ साथै यस अध्ययनले जातिको उपस्थिति र मातृभाषाको संभावना खोजी गरेको छ। त्यसैगरी जातिगत सांस्कृतिक कार्यव्यवहारबाट मातृभाषाको पहिचान गर्न आधार प्रस्तुत गरेको छ। यसपालिकाको बहुभाषिक पृष्ठभूमिलाई आधार बनाई मातृभाषाको अवस्था र संभावनाका विषयमा खोलुवा दिएको छ। भाषिक समुदाय, स्थानीय सरकार र सरोकारवाला सबैले मातृभाषिक अधिार प्रयोग गर्दा कर्तव्य समेत बोध गरी मातृभाषाको संवर्द्धन र प्रवर्द्धनमा जुटुनुपर्ने आवश्यकता रहेको तथ्य प्रस्तुत गरेको छ।

**मातृभाषाको संवर्द्धन, प्रवर्द्धन र प्रयोगमा गर्नुपर्ने कार्यहरू :**

प्रस्तुत साल्पासिलिछोको मातृभाषा विशेष अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा विभिन्न विषय क्षेत्रसम्बन्धित रही अनुसन्धान, परियोजना तथा लघु अनुसन्धानका कार्यहरू गर्नुपर्ने आवश्यकता छ । जनप्रतिनिधि, समुदाय र संस्थाबाट निरन्तर रूपमा मातृभाषामैत्री कार्यहरू गर्नु पर्ने देखिन्छ । जातिगत विविधता, जातिगत संस्कृतिको मौलिकता र यसभित्र मातृभाषाको अवस्था पहिचान संरक्षण र प्रयोग सम्भाव्य प्रस्तावित विषय क्षेत्रलाई निम्नानुसार समेटिएको छ :

- मातृभाषाको सर्वेक्षण,
- मातृभाषाको पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन,
- शिक्षामा सामाजिक सांस्कृतिक प्रभाव,
- स्थानीय प्रविधिमा मातृभाषाको प्रयोग,
- रैथाने संस्कृतिमार्फत् मातृभाषाको अध्ययन,
- मातृभाषा र नेपाली भाषाको तुलनात्मक अध्ययन,
- द्विभाषिक कोश निर्माण,
- भाषिक एवं सांस्कृतिक परिवर्तन,
- आन्तरिक एवं बाह्य बसाइँ-सराइको भाषिक प्रभाव,
- मातृभाषाको विषय वा माध्यमका रूपमा प्रयोग अवस्था,
- पर्यावरणीय परिवर्तनले शारीरिक, मानसिक एवं संवेज्ञात्मक पक्षमा पर्ने प्रभाव,

**सन्दर्भ सूची**

चौहान, ईश्वर (२०७५), *भाषाविज्ञान,* काठमाडौँ : रत्नसागर प्रकाशन प्रा.लि. ।
...................(२०७५), *नेपाली संस्कृतिमा उपभोक्तावादी संस्कृति,* काठमाडौँ : गोरखापत्र, राष्ट्रिय दैनिक ।
....................(२०७५), *नेपाली समाजमा क्यानन सांस्कृतिक विमर्श,* काठमाडौँ : गोरखापत्र राष्ट्रिय दैनिक ।
....................(२०७६), हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण, अप्रकाशित दर्शनाचार्य शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।
गिरी, रामानन्द, (२०५५), *जनक दर्शन,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।
ढकाल, बद्रीप्रसाद, (२०८१), *पूर्वीय दर्शन समुच्चय,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।
नेपाल सरकार (२०७२), *नेपालको संविधान,* काठमाडौँ : कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।
पाण्डेय, फडीन्द्रप्रसाद, (२०७३), *बृहत् संस्कृत-नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।
मिश्र, जगदीशचन्द्र, (सन् २००९), *भारतीय दर्शन* (पुर्नमुद्रित), वाराणसी : चौरवम्बा सुरभारती प्रकाशन ।
राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०), *राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन,* काठमाडौँ ।